बबई गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्रीद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## उपस्थित गाउँसभाका सदस्यज्यूहरु,

## गाउँपालिका परिचय

बबई गाउँपालिका दाङको सबैभन्दा पश्चिममा पर्ने गाउँपालिका हो । यो नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, स्वायत्त संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको लुम्बिनी प्रदेश अन्तर्गतको दाङ जिल्लामा पर्ने एक स्थानीय तह बबई गाउँपालिका जिल्ला सदरमुकाम घोराही देखि ४६ किलोमीटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ। साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजन भई यस गाउँपालिकाको निर्माण भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल २५७. ४७ वर्ग किलोमिटर रहेको छ। २०७८ सालको जनगणना अनुसार यहाँको कूल जनसंख्या ३०९८६ र कुल घरधुरी ७५२७ रहेको छ यस गाउँपालिकामा ७ वटा वडा रहेका छन्। यस पालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ । यस गाउँपालिकामा बाहुन क्षेत्री, मगर, दलित चौधरी लगायतका जातीको बाहुल्यता रहेको छ। यस गाउँपालिकाका मुख्य भाषा नेपाली, थारु र मगर रहेका छन्। यस गाउँपालिकामा खेतीपातीको लागि उर्वर भूमि रहेको छ । यस गाउँपालिकाका पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर शिवालय मन्दिर र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थल हुन् । यस बबई गाउँपालिकामा ३४ वटा विद्यालय, २ वटा अस्पताल १ वटा स्वास्थ्य चौकी र ५ वटा स्वास्थ्य केन्द्र , २ वटा इलाका प्रहरी र १ प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी पोष्ट र १ वटा क्याम्पस रहेका छन । यस पालिकाको विच भागवाट तुल्सीपुर सुर्खेत रोड मार्ग छ भने हापुरे बबरपुर गंगटे हुदै कोहलपुर जोडने सडक निर्माणधिन अवस्थामा छ। यस पालिकामा अब्यवस्थित वसोवास र राष्ट्रिय निकुन्ज मध्यवर्ति क्षेत्र भित्रका बस्तिहरु विशेष चुनौतिको रुपमा रहेका छन ।समग्रमा यो बबई गाउँपालिका प्राकृतिक सम्पदाले सम्पन्न पालिका हो ।

## गाउँ सभाका सदस्य ज्यूहरु,

१. संघीय शासन व्यवस्था अन्तर्गत स्थानीय सरकारको दोस्रो कार्यकालको दुई आर्थिक वर्ष पूरा भई यस बबई गाउँपालिकाको आ.व २०८१/८२ को वार्षिक निति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दै गर्दा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु।

२. यस अवसरमा म मुलुकको राजनितिक,आर्थिक तथा सामाजिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनमा घाइते, अपाङ्ग, वेपत्ता नागरिक र तिनका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. मानव अधिकारको स्थापना र विकास समाज रुपान्तरणको विश्वव्यापी आन्दोलनकै अभिन्न अंगको रुपमा रहेको नेपाली राजनैतिक, सांस्कृतिक, सामाजिक आन्दोलनहरूले विभिन्न काल खण्डमा स्थापित गरेका परिवर्तनका स्वररुपको परिणाम आज नेपाली जनताले सार्वभौम सत्तालाई सुरक्षित राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागु सँगसँगै संविधानको भावना मर्म अनुरूप तीनै तहका सरकारहरू संघीयताको कार्यान्वयनको चरणमा छौं । कार्यान्वयनको अभ्यास क्रमशः सफलता तिर उन्मुख हुँदै गईरहेको छ। तर पनि नेपाली राजनितिमा देखा परेका भ्रष्टचार, अनियमितता, मंहगी, बेरोजगारी तथा परम्परागत कृषि प्रणाली औद्योगिक विकासमा भएको उदासिनताले जनताको मनमा उत्पन्न असन्तुष्टि सरकार प्रतिको अविश्वास आजको मुख्य चुनौति हो।

४. शान्ति, समृद्धि र विकासको लक्ष्य हाँसिल गर्नको लागि संघीय संरचना अन्तर्गतको स्थानीय सरकार जनताको निकट र प्रत्यक्ष सम्पर्कमा रहेको सरकार भएकाले त्यस प्रति जनअपेक्षा वढि हुनु स्वाभाविक हो । त्यसैले जनअपेक्षा अनुरूप नीति निर्माण गरि समाजमा रहेका विभिन्न विभेद र असमानताका अवशेषहरुलाई अन्त्य गर्दै समावेशिताको आधारमा सम्वृद्धिको लक्ष्य हासिल गर्ने गराउने चुनौती र दायित्व आज स्थानीय सरकार सामु देखा परेको छ । यस चुनौतीलाई आत्मसाथ गर्दै लक्ष्य हासिल गर्ने शिक्षा, राजनिती, सामाजिक, संस्कार, आर्थिक अनियमितता र नीतिगत जटिलतामा व्यापक संशोधन र सुदृढीकरण गर्न सके मात्र हाम्रो समृद्विको यात्रा अघि बढ्न सक्छ । तसर्थ बबई गाउँपालिकाको समुन्नत बबई, सुखी जनताको लक्ष्य पूरा गर्न " हाम्रो उत्पादन हाम्रो बजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार " भन्ने नारालाई आत्मसाथ गर्दै आ.व. २०८१ / ८२ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न गइरहेको छु । विश्वास छ सबै पक्षबाट सहयोग र समर्थन प्राप्त हुनेछ ।

अव म हाम्रा सामु रहेका अवसर तथा चुनौतीहरु प्रस्तुत गर्न चाहान्छु।

## क. विद्यमान अवसरहरु

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा नीति तथा ऐन, कानून तर्जुमा गर्ने अधिकार हुनु ।
३. गाउँपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण भई अगाडीको गन्तव्य स्पष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

७. पालिकाको दक्षिण तर्फ प्रयाप्त जलस्रोत सहित बबई नदी प्रवाहित हुनु।

८. पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर शिवालय मन्दिर, चिसापानी मन्दिरजस्ता थुप्रै ऐतिहासिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य उपलब्ध हुनु ।

९. अनुभवी जनप्रतिनिधि तथा कर्मचारीको उपलब्धता हुनु ।

## ख. विद्यमान चुनौतीहरूः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।

२. कृषि उत्पादनलाई बजारको सुनिश्चितता गर्नु।

३. युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गर्नु ।

४. व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु ।

५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।

६. निर्माण भएको पूर्वाधारको मर्मत संभार र दिगो संचालन पद्धतिको विकास गर्नु ।

७. स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चतता गरी बसाइसराइको दर कम गर्नु।

८. गाउँपालिकाको उच्च स्थानमा रहेको कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु ।

९. बादर, बदेल, दुम्सी, राते, चितुवा, चौवडा जस्ता वन्यजन्तुबाट कृषि बाली तथा पशु धनको सुरक्षा गर्नु ।

१०. दरवन्दी अनुसारको कर्मचारी पदपूर्ती नहुनु, प्राविधिक सिपयुक्त दक्ष जनशक्तिको अभाव हुनु ।

११. संघ प्रदेश र स्थानीय तहका अधिकारका साझा सुची भित्रका विषयमा आवश्यक कानुनहरु नबन्नु ।

१२. तीन तहका सरकार वीच समन्वयको कमी हुनु।

## हालसम्मको प्रगति विवरण

चालु आ.ब २०८०।८१ मा यस बबई गाउँपालिकामा हाल सम्म यो आ.ब मा ३.२ किलोमिटर सडक कालोपत्रे, सडक नाला तथा सिंचाइ नाला गरि जम्मा ७ किमि, ग्राभेल ५ किमि, स्तरउन्नति २.५ कि मि

र करिव ३ कि मि नयाँ ट्रयाकको काम सम्पन्न गरिएको छ। १५ सैया अस्पतालको घेरवार गर्ने काम सम्पन्न भएको छ। भिउ टावरको काम करिव ८०% सम्पन्न भएको छ।

## गाउँ सभा सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

### १. आर्थिक विकास

**" हाम्रो उत्पादन बजार हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"**

### क. कृषि तर्फ

१. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिको आधारमा बजारीकरण र व्यवसायीकरण गरिनेछ ।

२. स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिन सक्ने बाखापालन, मौरीपालन तथा नगदेवाली (तोरी खेती) गहुँ र धान खेतीको बिस्तार गर्दै व्यावसायीकरणमा जोड दिइनेछ ।

३. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाइ, कृषि सडक, विद्युतीकरण, कृषि बजार, कृषि उत्पादनका सन्द्धर्भमा स्थान अनुकूलको कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

४. बन्यजन्तुबाट कृषि उत्पादनमा हुने क्षतिलाई नियन्त्रण गर्न पहल गरिनेछ ।

५. कृषि क्षेत्रमा उत्पादन तथा प्रतिफलमा आधारित अनुदानको नीति अवलम्वन गरिनेछ ।

६. उत्पादकत्व वृद्धिका लागि प्रविधिको अधिकतम प्रयोग, माटोको गुणस्तर कायम, प्रयाप्त मलखातको उपलब्धता तथा उन्नत बिउविजनको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

७. फलफूल तथा तरकारी खेतीका पकेट क्षेत्रको विकास गरी बजारीकरण र भण्डारणको व्यवस्था गरिनेछ ।

८. स्थानीय भू-उपयोग नीति लागु गरिनेछ।

९. कृषि उत्पादनमा समर्थन मुल्य कायम गरिने छ ।

१०. आगामी आ. ब देखि शित भण्डार संचालनमा ल्याइनेछ ।

११. कृषि उत्पादनमा समर्थन मुल्य कायम गरिनेछ।

१२. बाघले खाएका पशुपन्क्षीको सन्द्धर्भमा राहत प्रदान गरिनेछ।

### ख. पशुपालन

१. पशुमा नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम गर्भाधान गराउने किसानलाई प्रोत्साहन गरिनेछ ।

२. उन्नत जातको गाई, भैसी तथा बाख्रापालनको लागि सुविधायुक्त गोठ तथा खोरको व्यवस्था गरी उन्नत जातको घाँस उत्पादनको कार्यक्रम सञ्चालन गरिनेछ ।

३. उद्यमशिल महिला सहकारी संस्था/समूह/सहकारीहरुले गरेका उत्पादनमूलक व्यवसायमा, प्रोत्साहन, अनुदान र उत्कृष्ट महिला व्यवसायीहरुलाई सम्मानको व्यवस्था मिलाइनेछ।

४. बजार पूर्वाधारको विकास, प्राविधिक सेवाको विस्तार र उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक क्षमता वृद्धि जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. पशुपन्छी विमा वापत किसानले वुझाउने प्रिमियम रकममा ५०% अनुदान दिने नीति लिइनेछ ।

६. बबई गाउँपालिकामा कृषि तथा पशु उद्यमशीलता विकास गर्न सहकारीहरूको क्षमता अभिवृद्धिको लागि एवं कृषि उत्पादनको लागि साझेदारी कार्यक्रमको सञ्चालन गरिनेछ।

७. कृषकद्धारा उत्पादित मासुको बजारीकरण गरी उत्पादनको आधारमा प्रोत्साहन, अनुदानको नीति लागु गरिनेछ ।

८. पशुपन्छी पालन, पशुपन्छी जन्य उत्पादन, व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी थप स्थानीय नीति कानुन, मापदण्ड बनाइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## ग. सहकारी तथा वित्तिय क्षेत्र

१. सहकारी संस्थाहरुको संस्थागत विकास गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

२. सहकारीको माध्यमबाट उत्पादनशील क्रियाकलापमा आवद्ध नागरिकहरुको पुंजी संकलन तथा परिचालन गरी स्वरोजगारका अवसर सृजना गर्ने नीति लागु गरिनेछ ।

३. गाउँपालिकाभित्र स्थापना हुने कृषि सहकारी समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र, अनुमती जस्ता विषयहरुलाई व्यवस्थित गरिने छ ।

४. महिलाद्वारा सन्चालित सहकारी एवं उत्पादनमूलक सहकारीद्धारा कार्यक्रमलाई प्राथमिकतामा राखी प्रोत्साहन गरिनेछ।

५. सहकारीहरुको संस्थागत विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्न अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

६. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

७. सहकारी, सामुदायिक वन एवं अन्य संघ संस्थाहरुसँग भौतिक पूर्वधारको क्षेत्रमा साझेदारी लगानी गर्न वजेटको व्यवस्था गरिनेछ ।

८. विकास साझेदारहरुको सहकार्यमा लक्षित समुदाय र क्षेत्रमा सहकारी संघ संस्थाहरुको स्थापना र सञ्चालन गरिनेछ।

९. समुदायका सदस्यहरुलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विउ पुँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनमा अनुदान दिने नीति लिइनेछ ।

## घ. उद्योग तथा वाणिज्य

१. लघुउद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता तथा सिप तालिम संचालन गरि स्थानीय स्रोत र साधन कच्चा पर्दाथ र सिपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्तो उद्योगका स्थापना विकास र प्रवर्द्धन गर्दै रोजगारी सृजनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

२. परम्परागत रूपमा सञ्चालन भएका आरन, सिलाई कटाई, जुत्ता सिलाईजस्ता व्यवसायको संरक्षण गरिने छ।

३. गरिबी निवारणका लागी लघुउद्यम विकास कार्यक्रम मार्फत थप उद्यमीहरू तयार गरिने छ।

४. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनीक प्रकृयालाई सुचना प्रविधिको प्रयोग गरी सहरीकरण र प्राभावकारी बनाइने छ।

५. बैदेशीक रोजगारबाट प्राप्त रेमिट्यान्सनलमाई व्यवसायिक तथा उत्पादन मुलक क्षेत्रमा लगानी गर्न विषेश पहल गरिनेछ ।

६. घरेलु तथा साना उद्योग विकासमा लागी आवश्यक प्रोत्साहन गर्ने र स्थानीय उत्पादनको उपभोग र प्रर्वद्धनमा जोड दिइने छ।

७. उपभोक्ता हित संरक्षण र बजार अनुमगनको कार्यलाई प्रभावकारी बनाइने छ साथै खाद्यन्न पसल र विसादी जन्य बस्तुहरूको विक्रि वितरणको लागि एउटै पसलमा अनुमति दिइने छैन ।

८. विगतका वर्षमा प्रदान गरिएको सिप विकास तालिम प्राप्त व्यक्तिहरुलाई पूणर्ताजगी तालिम दिइनेछ ।

९. अधुरो रहेको उद्योग वाणिज्य संघ, हापुरेको भवन मर्मत गर्न वजेट विनियोजन गरिनेछ।

१०.	हापुरे बजारका मुख्य चोकमा सिसिटिभि जडान गरिनेछ।

## ङ. पर्यटन

१. पर्यटनमार्फत आर्थिक समृद्धि हासिल गर्न गाउपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन विकासका कार्यहरु सञ्चालन गरिनेछ ।

२. पालिकाभित्रका मुख्य स्थान, चोक, गाउँपालिका भित्र छिर्ने नाकाहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आर्कषण गर्न होडिङ बोर्ड / डिजिटल डिसप्ले बोर्ड राखिनेछ ।

३. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्र पुरन्धारा झरना विकाश योजानालाई गौरबको योजनाको रुपमा आवास, सूरक्षा तथा विभिन्न सुविधा विस्तार गर्ने नीति लिइनेछ । यै गरि धागेछहरा, सिद्द गुफा, रानापहरे, हात्ति ढुङ्गा, बबई नदि, चिसापानी मन्दिर गौरीशंकर शिवालय, भ्यू टावर लगायत पर्यटकीय स्थलहरु सडकको पहुच विस्तारका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुमा खानेपानी तथा शौचालयहरुको व्यवस्था तथा पर्यटकीय स्थलहरु जोड्न सडक सञ्जाललाई थप व्यवस्थित गराइनेछ ।

५. विभिन्न जातजातिको धार्मिक, सांस्कृतिक पर्व संस्कार र संस्कृतिको प्रवर्धन गरिनेछ ।

६. अन्तरपालिका सम्बन्ध प्रवर्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रवर्धन गर्न अन्य पालिकाहरूसँग भगिनी सम्बन्ध स्थापित गरिनेछ ।

## च. रोजगारी

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

२. गाउँपालिकाभित्र निर्माण हुने आयोजनामा स्थानिय व्यक्तिलाई रोजगारमा प्राथमिकता दिने प्रबन्ध मिलाइनेछ ।

३. युवा लक्षित रोजगारका अवसरहर सिर्जना गर्ने पहल गरिनेछ ।

४. नीजि क्षेत्र मार्फत रोजगारी सिर्जना गर्ने व्यावसायिक उत्पादनलाई प्राथमिकता दिई । रोजगारी सिर्जनाका आधारमा सौलियत र सहायता उपलब्ध गराइनेछ।

५. गाउँपालिकामा रोजगार वैङ्कको स्थापना गरी दक्ष अध्यक्ष तथा शैक्षिक बेरोजगारको वर्गीकृत तथ्याङ्क संञ्चालन गरिनेछ । रोजगार बैङ्कमा समावेश भएका व्यक्तिहरुलाई गाउँपालिका भित्र वा वाहिर रोजगारीका अवसर आएमा प्राथमिकता दिइनेछ ।

६. पाँच जनासम्मका प्रत्यक्ष रोजगारी दिने उद्योगका लागि मेसिन औजारमा पचास प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

## छ. सुरक्षित आप्रवासन

१. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धि मुलक बनाउन जनचेतना मुलक कार्यक्रमहरु टोल टोल देखि पालिका स्तर सम्म विस्तार गरि तीन बर्ष भित्रमा बबई गाउँपालिकालाई सुरक्षित बैदेशिक रोजगार स्थानीय तह घोषणा गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

२. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित वनाउन संघीय सरकार, प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड, संघीय सरकार तथा बैदेशिक रोजगारसँग सरोकार राख्ने निकायहरुसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्ने तथा आप्रवासी कामदारहरुले वैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।

३. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि लाई प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ ।

# २. सामाजिक विकास

## क. शिक्षा

"गुणस्तरीय शिक्षा हामी सबैको अपेक्षा

१. विद्यालयको भौतिक नक्सांकन गरि आवश्यकताको आधारमा विद्यालयको भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

२. आवश्यक्ता र वास्तविक जीवनसँग जोडने जीवनोपयोगी शिक्षा सिपमा शैक्षिक पाठ्यक्रमको विकास गरी सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाई पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप, उद्यमशिल क्रियाकलाप विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानको वोध गराउन अवलोकन भ्रमण पद्धतिवाट अभ्यास कक्षाकासाथै प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

३. गाउँपालिका भित्रका विद्यालयमा आ.व २०८१।८२मा खाली भएका र खालि हुने दरबन्दीको पूर्वानुमान गरी शिक्षक बैंक तयार गरी सोही शिक्षक बैंकवाट शिक्षकको अस्थायी पदपूर्तीको ब्यवस्था मिलाइनेछ ।

४. पालिकामा रहेका सामुदायिक विद्यालयवाट कक्षा ८ , SEE र कक्षा १२ को परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी एवं शिक्षकलाई सम्मान गरिनेछ ।

५. विपन्न तथा दलित परिवारका छोराछोरीलाई SEE पछिको प्राविधिक शिक्षाको लागि पालिका स्तरमा प्रथम / द्वितीय / तृतीय आउने विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।

६. सामुदायीक विद्यालयहरूमा शिक्षक विधार्थी अनुपातमा विषयगत दरवन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

७. सबै विद्यालयमा इन्टरनेट सुविधा विस्तार गरी सूचना प्रविधीमा आधारित शिक्षण पद्दतीको विकास गरिनेछ।

८. विद्यालयमा पुर्विय मुल्यमान्यतामा आधारित योग तथा आयुर्वेद शिक्षाका अभ्यासहरु शुरु गरिनेछ ।साथै नैतिक शिक्षा एवं संस्कार शिक्षा विषयलाई कार्यान्वयनमा लगिनेछ।

९. हाम्रो विद्यालय हामी सुधाछौं भन्ने मान्यता अनुरुप अभिभावक शिक्षाकार्यक्रम सञ्चालन गरिनेछ ।

१०. अन्तर विद्यालय अतिरिक्त क्रियाकलापहरुको आयोजनालाई निरन्तरता दिइनेछ ।

११. शिक्षामा लैगिकता तथा समावेशिताका चेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षकको तालिम, विद्यालयको भौतिक संरचना निर्माण, खानेपानी, सरसफाइ लगायत का कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. विद्यार्थी संख्या कम हुदैं गएका विद्यालयहरुलाई समायोजन गरि विग स्कुल (BIG SCHOOL) कार्यलाई क्रमशं: अगाडि वढाइनेछ ।

१४. जनप्रतिनिधिसँग विद्यार्थी, अभिभावकसँग शिक्षक कार्यक्रम संचालन गरिनेछ।

१५. विद्यार्थीलाई अनुशासित, लगनशील, जिम्मेवार र कर्तब्यवोध जस्ता गुणको विकासको लागि पालिकामा स्काउट कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१६. सामुदायिक र निजि विद्यालयको शैक्षिक स्तरमा विद्यमान विभिन्नता हटाउँदै लैजाने र शिक्षाको गुणस्तर अविवृद्धि गर्न सामुदायिक र संस्थागत विद्यालयहरुमा शिप, ज्ञान र नविनतम प्रविधि एवं अभ्यासहरु आदानप्रदान गरिनेछ ।

१७. गुणस्तरिय तथा नि:शुल्क शिक्षा गरिनेछ।

## ख. यूवा तथा खेलकुद

१. खेलकुद विकासको लागि विभिन्न खेल खेलमैदान लगायतका खेलकुद पूर्वाधारहरुको निर्माण तथा मर्मतसम्भार गरिनेछ ।

२. विधागत खेलका पुरस्कार राशीहरु स्थापना गरि दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

३. वैदेशिक रोजगारबाट फर्केका यूवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार उधमशिलता विकासका लागि गाउपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगतका विकास कार्यक्रमहरु मार्फत यूवालाई विदेश हैन विजिनेश " भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

४. एक वडा एक व्यामशाला" को नीतिलिई खेलाडि तथा यूवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

५. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई प्राविधिक तथा कृषिजन्य तालिमहरु प्रदान गरि गरिवी न्यूनिकरण तथा जिविकोपार्जनमा सहजिकरण गरिनेछ ।

६. गाउपालिकाको गौरवका खेलकुद कार्यक्रमहरूमा प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।

७. स्थानीय स्तरमा यूवा शशक्तिकरण, जागरण र परिचालन गरिनेछ ।

८. गाँउपालिका अन्तरगतका आधारभूत विद्यालयहरुमा योग प्रशिक्षक तथा माध्यामिक विद्यालयहरुमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।

९. विद्यार्थीको सिकाई उपलब्धीसंग शिक्षकको कार्य सम्पादन मूल्यांकन प्रणाली संग जोडिने छ।

१०. विद्यार्थीको अक्षर सुधार कार्यक्रम संचालन गरिने छ।

११. हंसपुर क्रिकेट रंगशाला एवं हापुरे खेल मैदानको साथै सुनपुर फुटवल मैदानको स्तर उन्नती गरिनेछ ।

## ग. स्वास्थ्य

१. योग तथा खेलकुदमा आधारित स्वास्थ्यलाई प्राथमिकता दिइ प्रेत्यक वडामा योग भवनको अवधारणालाई लागु गरिने छ। पालिका स्तर को हापुरे क्षेत्रमा योग भवन निर्माण गरिने छ

२. हापुरे प्राथमिक अस्पताल, आधारभूत स्वास्थ्य केन्द्रहरु नागरिक आरोग्य केन्द्र र स्वास्थ्य चौकीहरुमा प्रदार गरिदै आएको स्वास्थ्य सेवा लाई थप प्रभावकारी, गुणस्तरिय बनाउन औषधी र उपकरणहरूको कमिहुन नदिन आवश्यक बजेटको व्यवस्था गरिने छ। हंसपुरमा

निर्माण सम्पन्न १५ सैया अस्पताल लाई अविलम्व संचालन गर्न संघिय तथा प्रदेश. सरकारसँग समन्वय तथा अनुरोध गरिने छ।

३. स्वस्थ आमा स्वस्थ्थ बच्चा' अवधारणा अनुसार नवजात शिशु तथा मातृ पोषण कार्यक्रम संचालक गरिने छ।

४. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न १५ सैया अस्पतालको सेवा सञ्चालनको सुरुवात गर्दै स्वास्थ्य चौकीहरुको स्तर उन्नति गरि रोकथाम निदान र पुनस्थापना सेवालाई सहज र नियमित वनाइनेछ।

५. हरेक नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित गरिने छैन साथै अपांगता भएका क र ख वर्ग, ७० नाघेका जेष्ट नागरिक तथा गर्भवतीलाई गाउँपालिका भित्रका स्वास्थ्य चौकीमा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

६. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

७. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धधन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

९. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवा तथा शुल्कलाई नियमन गरिनेछ।

१०.स्वास्थ्य तथा आयुर्वेद तर्फको गाउँघर क्लिनिकको सेवालाई थप प्रभावकारी वनाइनेछ।

११.विभिन्न महामारीजन्य रोगहरुबाट बच्नको लागि आवश्यक पूर्व तयारी गरिनेछ।

१२.महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनको ब्यवस्था गरिनेछ।

१३.महिला स्वास्थ्य स्वयं सेविकाको लागि तालिमको ब्यवस्था गरिनेछ ।

## घ. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको वितरणको व्यवस्था मिलाईनेछ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार रसिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धधन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ।

३. स्वच्छ खानेपानी तथा सरसफाई अभियानका लागि ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) अनुसार अगाडि वढिनेछ ।

५. खानेपानी क्षेत्रलाई सुधार गर्नको लागी पलम्विङ तालिमको ब्यवस्था गरिनेछ।

६. पानीका मुहान संरक्षण गरी त्यसको दिगो उपयोग तर्फ कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

८. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

९. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाई अभियान सञ्चालन गरि पूर्ण सरसफाई युक्त टोल, वडा र क्रमश पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रमलाई अगाडी वढाइनेछ ।

१०. सबै वडा तथा वजार क्षेत्रहरुमा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण खानेपानी योजनाको मुहान दर्ता अनिवार्य गरिनेछ।

१२. खानेपानीको र जैविक विविधता संरक्षणको लागि बबई गाउँपालिका अन्तर्गतका महत्पूर्ण च्याटिखोला, घट्टेखोला, ट्वाङखोलाका मुहान क्षेत्रमा कृतिम जलाशयको संभात्यता अध्यन गरी जलसार तथा सिमसार क्षेत्रको संरक्षणका कार्यलाई प्राथमिकता दिइनेछ ।

## ङ. लैगिक समानता र सामाजिक समावेशिकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. एकल महिला, अपांगता भएका व्यक्ति, दलित, यौनिक अल्पसंख्यक, जेष्ठ नागरिक तथा महिला प्रतिको सामाजिक सोच र व्यवहार परिवर्तन गरी उनीहरुलाई समाजमा सम्मानपूर्वक जिउने अवस्थाको सृजना गर्न लक्षित वर्गमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानीमा सहयोग गरिनेछ।

४. "हिंसा मुक्त गाउँपालिका हाम्रो चाहाना अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

५. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

६. लक्षित वर्गका विद्यार्थीलाई केन्द्रित गरी लोक सेवा आयोग, शिक्षक सेवा आयोगका कक्षाहरु सञ्चालन गरिनेछ।

७. महिला सहकारीहरुको नेतृत्व क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरी महिला आर्थिक शसक्तिकरणमा योगदानपुर्‍याइनेछ।

८. लक्षित वर्गका व्यक्तिहरुलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारका विषयमा तालिम सञ्चालन गरिनेछ।

९. गाउँपालिकालाई जातिय भेदभाव मुक्त वनाउन जागरण अभियान सञ्चालन गरिनेछ।

१०. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ ।

११. कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा अपांगता भएका व्यक्तिमाथि हुने भेदभाव एवम् दुव्र्यवहारको अन्त्य गरिनेछ। I

१२. मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिलाई कानुनी / विमर्श, कानुनी सेवा, स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ।

१३. विपदका अवस्थामा अपांगता भएका व्यक्तिहरुलाई अपांगताको गम्भीरताको आधारमा उद्धार, राहत पुनर्लाभ तथा पुनस्थापनामा विशेष प्राथमिकता दिइनेछ।

१४. आगामी आर्थिक बर्ष भित्रै गरीब घर परिवार पहिचान परिचयपत्र वितरण गरिनेछ । गाउँपालिकाबाट वितरण गरिने अनुदान तथा सहयोगका कार्यक्रमहरु मुलत यसैको आधारमा सञ्चालन गरिनेछ।

१५. विपन्न आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ। खाद्यान्न सामाग्री नपुगेको अति विपन्न गरिवारलाई खाद्यान्नको व्यवस्था गरिनेछ।

१६. सामाजिक विसंगति फैलाउने गरी गरिने मदिरा सेवन तथा जुवा तासलाई नियन्त्रण गर्ने नीति लिइनेछ।

## च. संस्कृती प्रवर्धन

१. सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं व्यवस्थापन कार्यसँग सम्बन्धित निकायहरुको संरचनागत सुधारको साथै आवश्यकता अनुसार थप संरचनाहरुको व्यवस्था गरिनेछ ।

२. दशैं, तिहार, तीज, शिवरात्री लगायतका स्थानीय रुपमा मनाइने चाडपर्व तथा सोरोटि नाच, भैलो नाच, तिज गित लगायतका साँस्कृतिक परम्परालाई संरक्षण र प्रबर्द्धधन गर्ने नीति लिइनेछ।

३. विभिन्न जाति र समुदायका परम्परागत भौतिक लोककला एवं शिल्पकलाको संरक्षण र अध्ययन गरी त्यस्ता कलाहरु उत्पादन गर्ने परम्परागत सिप र प्रविधिहरुको अभिलेखिकरण गरिनेछ।

४. विभिन्न जाति तथा भाषाभाषिकाका लोकगीत, लोककथा, गाउँखाने कथा, उखानटुक्का, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विधाहरुको सर्वेक्षण, संकलन र अध्ययन गरिनेछ ।

५. गाउँपालिकाका विभिन्न भागमा रहेका ऐतिहासिक, सांस्कृक्तिक, पर्यटकीय लगायतका विभिन्न तिर्थस्थलहरुको परिचयात्मक विवरण तयार गरिनेछ।

६. संस्कृतिको वृहत्तर विकास गर्न संगित,गित, नाचको प्रवर्धन गर्न परम्परागत तथा आधुनिक सामाग्रीको संरक्षण, संकलन तथा संरक्षणको नीति लिइनेछ।

## ३. पुर्वधार विकास

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ-विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, पिछडिएका र कम विकसित, समतामुलक विकासको आधारको रुपमा रहन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी आयोजना बैंक तयार गरिनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. स्थानीय आवश्यकता भौगोलिक अवस्था र क्षेत्र समष्टिगत आर्थिक विकासमा पुग्न सक्ने योगदान र जनचाहाना तथा उपलब्ध जनसहभागिताको स्तरको आधारमा सेवा स्तर किटान गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. गुणस्तरीय पूर्वाधार निर्माण गरी त्यसको दिगो पनालाई ध्यान दिइनेछ।

४. सुर्खेत रोडसँग जोडिएका सडकहरुलाई प्राथमिकताको आधारमा कालोपत्रे गर्दै जाने नीति लिइनेछ । बबई चक्रपथलाई गौरवको आयोजनाको रुपमा यथासिग्र छिटो सम्पन्न गर्न सम्वन्धित निकायमा समन्वय गरिने छ।

५. स्थानीय पूर्वाधार विकासको योजनालाई विशेष प्राथमिकताको आधारमा निरन्तरता दिइने छ।

६. घरनक्सा पास कार्यलाई थप व्यवस्थित गराइनेछ ।

## क. सडक तथा पुल

१. हाल भईरहेका सडकहरुको स्तरोन्नति गरिनेछ नयाँ ट्र्याक खोल्ने कार्यलाई अत्यावश्यक बाहेक प्रोत्साहन गरिने छैन।

२. यातायात गुरुयोजना अनुसार सडकको स्तरोन्नति र प्राथमिकरण गरिनेछ साथै हाल संचालनमा रहेका सम्पूर्ण सडकहरुको मापदण्ड निर्धारण गरिनेछ ।

३. गाउँपालिकाको रणनैतिक सडकहरुलाई प्राथमिकताका आधारमा क्रमश ग्राभेल र पिच गर्दै लगिनेछ।

४. कृषकहरुबाट उत्पादित उपजलाई उत्पादन स्थलबाट बजार विन्दु सम्म र उत्पादनका साधनहरुलाई बजार देखि उत्पादन गर्ने ठाउँ सम्मको पहुँचमा सहज र सरलता कायम गर्ने खालका सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

५. गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुमा घुम्ती सुधार तथा आवश्यकता अनुसार ठाउँ ठाउँमा ढलान गर्ने नीति कार्यान्यन गरिनेछ।

६. गाउँपालिका भित्रका सबै सडकहरुमा पानी बग्ने नालीको अनिवार्य व्यवस्थापन गरिनेछ।

७. स्थानीय आवश्यकता अनुसार गोरेटो, घोडेटो बाटो निर्माण तथा पुननिर्माण सम्बन्धी कार्य गरिनेछ।

८. सडक निर्माणमा स्थानीय साधन, स्रोत, सीप प्रयोग भइ महिला, दलित, उत्पिडित, आदिवासीहरुलाई प्रत्यक्ष फाइदा पुग्ने र उनीहरुले रोजगार पाउने सडकहरुलाई प्राथमिकता दिइनेछ।

९. गाउँपालिका भित्र आवश्यकता अनुसार पक्की पुल तथा झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिने पहल गरिनेछ।

## ख. सिचाई

१. मौसमी बर्षाको पुरकको रुपमा विकसित सिँचाई प्रणालीलाई बर्षे भरी सिँचाई सुविधा पुर्याउन जलासय निर्माण, पोखरी संरक्षण, बर्षाको पानी संचय गर्ने पद्धतीको अवलम्बन एवं रिचार्ज पोखरी साथै सिँचाई कुलोहरुको मर्मत, सम्भार तथा संरक्षण गरिनेछ।

२. सिँचाई आयोजनाको निर्माण तथा स्थानीय साना सिँचाई प्रणालीको विकास तथा व्यवस्थापनमा उपभोक्ता संस्थाको प्रभावकारी संलग्नता बढाउन जोड दिइनेछ।

३. गाउँपालिकाले आवश्यक ठाँउमा लिफ्टिङ सिचाई आयोजना कार्यमा जोड दिइनेछ ।

४. किसानको आवश्यकता अनुसार थप साना सिंचाई सम्बन्धी आयोजनाहरु निर्माण गरिनेछ।

## ग. भवन तथा सहरी विकास

१. गाउँपालिकाको प्रशासकीय भवनमा तला थपको निर्माण सम्पन्न गर्नको लागि बजेट विनियोजन गरिनेछ।

२. वडा कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित र सुविधा सम्पन्न वनाउनको लागि आवश्यक अनुसार वडा कार्यालयहरुको तल्ला थप गरिनेछ।

३. गाउँपालिकाक्षेत्र भित्र फलफुलका विरुवाहरु रोपण नीतिलाई अवलम्बन गरिनेछ।

## घ. उर्जा

१. विद्युत लाईन र पोल जिर्ण भएका स्थानमा जिर्ण पोल र तार मर्मतका लागि बजेटको व्यवस्था एवं सम्बन्धित निकायमा पहल गरिनेछ।

२. खुल्ला तार प्रणालीलाई केवल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकाय संग पैरवी र साझेदारी गरिनेछ।

३. सरकारी कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा आवश्कयता अनुसार पावर व्याकअपको व्यवस्था गर्ने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ।

४. वैकल्पिक ऊर्जा सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

५. बबई गाउँपालिका वडा नं १ र वडा नं ७ को विद्युतीय पहुंच नभएका वस्तीहरुमा विधुत विस्तारको लागि प्राथमिकताका साथै विधुत प्राधिकरणसँग समन्वय गरिनेछ ।

## ङ. संचार

१. गाउँपालिका भित्र संचालित सामुदायिक रेडियोको संरक्षण तथा सहयोगगर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. गाउँपालिका भित्र टेलिफोन संचारलाई गुणस्तरीय बनाउन टावरको क्षमता वृद्धि तथा विस्तार मार्फत मोबाइल नेटवर्क प्रणालीलाई चुस्त बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ।

३. नयाँ नयाँ सूचना प्रविधिको अवलम्वन गर्ने नीति अङ्गीकार गरिनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री गाउँपालिका बनाइनेछ।
५. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, संचार र पत्रकारिता संग सम्बन्धित विषयमा पत्रकार महासंघसंग साझेदारीमा विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

### क. वन

१. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति वारे स्थानीय स्तरमा सचेतना वृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ।
२. वनवाट प्राप्त हुने राजश्व संकलनमा अभिवृद्धि गरिनेछ ।
३. सामुदायिक वनहरुवाट स्थानीय सरकारको समन्वय र साझेदारीमा पूर्वधार विकास एवं मानविय विकासका कार्यक्रम गर्न उत्पेरित तथा प्रोत्साहन गरिनेछ ।
४. सामुदायिक वन तथा निजी जग्गामा साल, सुनकाउली, चिउरी, बाँस, अम्रिसो, अलैची, कुरिलो था जडिबुटीजन्य प्रजातिको खेती प्रबर्धन गरिनेछ।
५. वन तथा जडिबुटीमा आधारित आय मुलक कार्यक्रम सञ्चालन गर्न महिला, युवा तथा लक्षितवर्गलाई पोत्साहन अनुदान मार्फत आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।
६. सार्वजनिक खाली, नांगा पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैर काष्ठ प्रजातिका आयमुलक वोट विरुवाको रोपण विस्तार गरिनेछ।
७. व्यक्तिका निजी घर, गोठ, सरकारी वा सार्वजनिक भवनलाई असर गर्नेतथा खेतियोग्य जमिनको उत्पादकत्व ह्रास हुने गरी हुर्केका/हुर्काइएका जोखिमपूर्ण रुखहरुलाई स्वामित्ववाला व्यक्तिले नै काटछाट गर्ने व्यवस्था मिलाईनेछ।
८. जैविक तथा बायो इन्जिनियरिङ्ग विधिबाट भूक्षय नियन्त्रणका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### ख. वातावरण

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने।

न्यून हरित ग्यास उत्सर्जनलाई बिकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

२. विश्वमा वढ्दै गएको जलवायू परीवर्तनको कारणले हुने जोखिमलाई न्यूनीकरण गर्न स्थानीय अनुकुलका योजना निर्माण गरि कार्य संचालन गरिनेछ ।

३. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

४. सार्वजनिक स्थलमा वर, पिपल र सौन्दर्य प्रदायक विरुवाहरु रोपण गरी वातावरण संरक्षण कार्यलाई निरन्तरता दिइनेछ।

५. वाढी, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ।

६. ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ , खाली एवं अन्य प्राकृत्तिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ। वालुवा प्रशोधनका लागि नियमानुसार उद्योग सञ्चालनमा ल्याइनेछ।

## ग. विपद व्यवस्थापन

१. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाइनेछ।

२. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

३. वडा तथा टोल स्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरुलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।

५. वडा कार्यालय, प्रमुख टोलहरु तथा प्रहरी चौकीमा आपतकालीन उद्धार सामग्रीहरु भण्डारण तथा नियमित अध्यावधिक गरिनेछ।

६. वायो इन्जिनियरिङ्ग प्रविधि प्रयोग गरी नदी, गल्छी, खहरे तथा पहिरो नियन्त्रणलाई दिगो बनाइनेछ।

७. गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा रकम अभाव हुन दिइने छैना साथै उक्त कोषमा नगद र जिन्सी जम्मा गर्न चाहानु हुने व्यक्ति तथा संघ संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।

८. स्थानीय आपतकालिन केन्द्र संचालन तथा व्यवस्थापन गरिनेछ ।

९. विपदबाट हुने जोखिमलाई न्यूनिकरण गर्न घर विमा तथा विपदबाट भएको क्षतीलाई पुननिर्माणका लागि आवश्यक पहल गरिनेछ।

१०. आपतकालिन सेवा केन्द्र भवन निर्माणको लागि बजेट विनियोजन गरिनेछ ।

११. विपद व्यवस्थापन तथा अग्नि नियन्त्रणको लागि अति आवश्यक अग्नि नियन्त्रण यन्त्रको लागि बजेट विनियोजन गरिनेछ ।

## घ. राजश्व तथा आन्तरिक स्रोत परिचालनः

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी कानुन तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैर सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करदाताहरुलाई आफुले तिर्नु पर्ने कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वाम्म सन्देश प्रवाहित गर्ने र अनलाईन बाटै कर तिर्न सक्ने प्रणाली लागु गरिनेछ।

४. गाउँपालिका अन्तर्गत करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरण बनाई सबै भन्दा बढी कर तिर्ने कर दातालाई सम्मान गर्ने नीति लिइनेछ। समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समयसम्म कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधावाट वञ्चित गरिनेछ । साथै व्यवसाय कर नतिर्ने व्यवसायीहरुलाई करको दायरामा ल्याउने व्यवस्था गरिने छ।

५. सबै किसिमका पेशा व्यवसायको सञ्चालनको दर्ता, नवीकरण, इजाजत र अनुमति दिने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शि र करदातामैत्री बनाइनेछ।

६. बबई गाउँपालिका अन्तर्गत सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुले जोतेर या भोग गरिरहेको जमिनको अनिवार्य वडाले विटौरी कर असुल उपर गर्ने व्यवस्था मिलाइनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास :

१. स्थानीय सरकार संचालनलाई मितव्यायी एवं सुशासन यूक्त बनाउन इन्धन तथा सवारी साधन प्रयोग कर्ता कर्मचारीहरुको पालिका भित्र कामकाजको लागि भ्रमण सुविधा हटाइनेछ।
२. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अवलम्बन गरी द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिइनेछ।
३. सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने कामहरुलाई एकीकृत रुपमा गाउँपालिकाबाट एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ।
४. गाउँसभा तथा कार्यपालिका अन्तर्गत रहेका विभिन्न समितिहरुलाई थप क्रियाशिल र जिम्मेवार बनाइनेछ ।
५. "हेलो अध्यक्ष कार्यक्रम" सञ्चालन गरी जनताको गुनासा तथा पिर मर्काको सुनुवाईको लागि गाउँपालिको कार्यालयमा कल सेन्टर स्थापना गरिनेछ। सोमार्फत जनता र अध्यक्ष वीच प्रत्यक्ष सम्बादको व्यवस्था मिलाईनेछ।
६. सवै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गरिनेछ।
७. राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक न्युनतम तलव मापदण्ड अनुरुप पुर्याइनेछ।
८. कार्यसम्पादन र कार्यप्रगतिका आधारमा राष्ट्रसेवक कर्मचारीहरुलाई प्रोत्साहनको ब्यवस्था गरि मनोबल उच्च वनाइनेछ।

## च. न्याय सम्पादन

१. न्याय सम्पादनमा "विवादको साटो, मेलमिलापको पाटो" भन्ने नीति अंगिकार गरिनेछ।
२. न्यायिक समितिका सदस्य तथा मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि कार्यक्रम सज्वालन गरिनेछ।
३. "ढिलो न्याय अन्याय" सरह हुन सक्ने भएकोले न्यायिक समित मार्फत निरुपण हुने मुद्धाहरुलाई सिघ्र फैसलाको नीति लिइनेछ। मेलमिलापको माध्यमबाट निरुपण गर्ने विवादको सम्बन्धमा यथासम्भव स्थानीय स्तरमै मेलमिलाप गराउन पहल गरिनेछ।
४. पछाडी परेका वर्ग समुदायको लागि कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
५. न्यायिक समिति मार्फत निरुपण भएका विवादहरुको कार्यान्वयनको लागि आवश्यकता अनुसार अन्य सुरक्षा निकायको सहयोग लिइनेछ।
६. विवादको गाम्भीर्यता तथा आवश्यकताको आधारमा न्याय संग सम्बन्धित संस्था वा व्यक्तिबाट कानुनी परामर्श सेवा प्राप्त गरिनेछ। मेलमिलाप सम्बन्धी थप कानूनी आधार तयार गरी न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ।

**छ. भुमि शाखा**

१. जग्गाको नाप नक्सांकन गरि बहाल बिटौरी कर संकलनमा जोड दिइनेछ ।

**अन्त्यमा,**

**गाउँसभामा उपस्थित सदस्यहरु, सम्पूर्ण अतिथिहरु, आम जनसमुदाय, राजनैतिक दल, कर्मचारी तथा सुरक्षाकर्मी साथीहरु, पत्रकार लगायत सबैमा समृद्ध बबई निर्माणका लागि यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा सहित धन्यवाद व्यक्त गर्दछु।**

धन्यवाद ।

मितिः २०८१ असार ७ गते ।

कुल बहादुर खत्री क्षेत्री
अध्यक्ष
बबई गाउँपालिका